नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

मिति : २०७५।१०।०१

पत्र संख्या:२०७५/७६

चलानी नं. : ३६८

**श्री स्थानीय तह (सबै) ।**

(३० जिल्ला:-ओखलढुङ्गा, उदयपुर, भोजपुर, सखुवासभा, रौतहट, महोत्तरी, सर्लाही, सिरहा, धनुषा, सिन्धुली, सिन्धुपाल्चोक, दोलखा, रसुवा, बाग्लुङ, गोरखा, म्यादी, नवलपरासी(बर्दघाट सुस्ता पूर्व), रोल्पा, प्युठान, रुकुम(पूर्वी भाग), कपिलबस्तु, कालिकोट, हुम्ला, जाजरकोट, मुगु, डोल्पा, बाजुरा, बझाङ, अछाम, डोटी) ।

**विषय:- राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम संचालन कार्यविधि पठाईएको सम्बन्धमा ।**

प्रस्तुत विषयमा महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको च.नं.३५, मिति २०७५/०९/२९ को पत्रबाट राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम संचालन कार्यविधि, २०७५ मन्त्रिपरिषद्बाट मिति २०७५/०९/१३ मा स्वीकृत भए अनुसार महिला तथा बालबालिका विभागले मिति २०७५/०९/२६ गते प्रस्ताब आब्हान सम्बन्धी सूचना प्रकाशित गरेको छ । राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम संचालन कार्यविधि, २०७५ को अनुसूची १ बमोजिमका संलग्न जिल्लाका नगरपालिका, गाउँपालिकाहरुलाई राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम संचालन कार्यविधि, २०७५ र प्रस्ताब आब्हान सम्बन्धी सूचनाको जानकारी गराईदिनुहुन भनी लेखी आएको हुँदा संलग्न कार्यविधि र सूचना पठाईएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

जनकराज शर्मा
शाखा अधिकृत

**बोधार्थ:**

**श्री महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, सिंहदरबार, काठमाण्डौं ।**

श्री सूचना तथा प्रविधि शाखा: **website**मा **upload**गरिदिनु हुन ।

नेपाल सरकार

**महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय**

(लैङ्गिक हिंसा निवारण शाखा)

**सिंहदरवार, काठमाण्डौ**
फोन: ०१-४२००५०२
फ्याक्स: ०१-४२००११६
मिति: २०७५|०३|२९

पत्रसङ्ख्या:०७५/०७६(लै.हि. नि.)
चलानी नं: २५.

श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार,काठमाण्डौ |

**विषय :- विषय :- पत्राचार गरी सहजीकरण गरिदिने सम्बन्धमा |**

उपर्युक्त सम्बन्धमा राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तर्गत राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम रहेको व्यहोरा जानकारीको लागि अनुरोध छ | राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम संचालन कार्यविधि, २०७५ मन्त्रिपरिषदबाट मिति २०७५/०९/१३ मा स्वीकृत भए अनुसार सो कार्यको महिला तथा बालबालिका बिभागले मिति २०७५०९/२६गते प्रस्ताब आब्हान सम्बन्धी सूचना प्रकाशित गरेको छ | " राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम संचालन कार्यविधि, २०७५" को अनुसूची १ बमोजिमका यसैसाथ संलग्न जिल्लाका नगरपालिका, गाउँपालिकाहरुलाई राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम संचालन कार्यविधि,. २०७५ र प्रस्ताब आब्हान सम्बन्धी सूचनाको जानकारी सहित पत्राचार गरी सहजीकरण गरिदिने व्यवस्थाको लागि उक्त कार्यविधि र प्रस्ताब आब्हान सम्बन्धी सूचना यसैसाथ संलग्न राखी पठाईएको व्यहोरा यस मन्त्रालयको मिति २०७५/०९/२९को निर्णयानुसार अनुरोध छ |

२०७५|०९|२९
प्रमिला भण्डारी
शाखा अधिकृत

श्री जनक/ केशवजी
०७५|१|२०

नेपाल सरकार

महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय

**महिला तथा बालबालिका विभाग**

श्रीमहल, पुल्चोक, ललितपुर

**प्रस्ताव आव्हान सम्बन्धी सूचना**

प्रकाशित मिति :- २०७५।९।२६

**आ.व.२०७५/७६ मा प्रत्येक प्रदेशमा** मानव विकास सूचकाङ्कमा पछि परेका जिल्लाहरु (ओखलढुङ्गा, उदयपुर, भोजपुर, संखुवासभा, रौतहट, महोत्तरी, सर्लाही, सिराहा, धनुषा, सिन्धुली, सिन्धुपाल्चोक, दोलखा, रसुवा, बाग्लुङ्ग, गोरखा, म्याग्दी, नवलपरासी (वर्दघाट, सुस्तापूर्व), रोल्पा, प्यूठान, रुकुम (पूर्वी भाग), कपिलवस्तु, कालिकोट, हुम्ला, जाजरकोट, मुगु, डोल्या, बाजुरा, बझाङ्ग, अछाम, डोटी) मा **राष्ट्रपति महिला** उत्थान जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ अनुसार चालु **जीविकोपार्जन सुधार कार्यक्रम संचालन** गरिने व्यवस्था भए अनुसार देहायबमोजिम सिलबन्दी प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ।

१. महिलामात्र संगठित भई सहकारी ऐन वा संघ संस्था दर्ता ऐन अनुसार दर्ता भई कार्य सञ्चालनमा रहेका संस्था/समूह/सहकारी/संजालले मिति २०७५/१०/११ गते दिनको १२:०० बजेभित्र **महिला तथा बालबालिका विभाग, श्रीमहल, पुल्चोक, ललितपुरमा** तोकिएको ढाँचामा सिलबन्दी प्रस्ताव पेश गर्न सक्नेछन्। प्रस्ताव पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुल्ने दिनको १२:०० बजे भित्र प्रस्ताव पेश गर्न सकिनेछ र सोही दिनको १:०० बजे प्राप्त प्रस्तावहरु खोलिनेछ।

२. इच्छुक संस्थाहरुले प्रस्ताव पेश गर्ने ढाँचा तथा अन्य जानकारी महिला तथा बालबालिका विभाग, पुल्चोक, ललितपुरको वेबसाइट **www.dwd.gov.np** बाट प्राप्त गर्न सक्नेछन्।

३. प्रस्ताव मुल्यांकन र छनौट "राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम संचालन कार्यविधि, २०७५" अनुसार हुनेछ।

४. विस्तृत जानकारीको लागि महिला तथा बालबालिका विभागको वेबसाइट www.dwd.gov.np मा राखिएको "राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम संचालन कार्यविधि, २०७५" हेर्नुहुन वा यस विभागको टेलिफोन नं ०१-५५४७०१५ मा सम्पर्क राख्नु हुन समेत अनुरोध गरिन्छ।